# प्रदेश राजपत्र

लुम्बिनी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ९) राप्ती उपत्यका (देउखुरी), नेपाल, बैशाख २४ गते, २०८३ साल (संख्या २१


## भाग २

## उद्योग, पर्यटन तथा यातायात मन्त्रालय

## राप्ती उपत्यका (देउखुरी), नेपालको

## सूचना-१

प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट मिति २०८३।०१।०८ मा स्वीकृत भएको "प्राईभेट फर्म दर्ता (पहिलो संशोधन) नियमावली, २०८२" सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।

# प्राईभेट फर्म दर्ता (पहिलो संशोधन) नियमावली, २०८२

प्राईभेट फर्म दर्ता नियमावली, २०७६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

प्राइभेट फर्म दर्ता ऐन, २०७६ को दफा १३ ले दिएको अधिकार प्रयोग गरी लुम्बिनी प्रदेश सरकारले देहायका नियमहरू बनाएको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यी नियमहरूको नाम "प्राईभेट फर्म दर्ता (पहिलो संशोधन) नियमावली, २०८२" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>प्राईभेट फर्म दर्ता नियमावली, २०७६ को नियम २ मा संशोधनः</u> प्राईभेट फर्म दर्ता नियमावली, २०७६ (यस पछि "मूल नियमावली" भनिएको) को नियम २ को,-

(१) शीर्षक पछि रहेको "(१)" भन्ने अङ्क झिकिएको छ।

(२) खण्ड (ग) र (घ) को सट्टा देहायका खण्ड (ग) र (घ) राखिएका छनः-

(ग) "मन्त्रालय" भन्नाले उद्योग तथा वाणिज्य क्षेत्र हेर्ने मन्त्रालय सम्झनु पर्दछ।

(घ) "सम्बन्धित निकाय" भन्नाले निर्देशनालय र घरेलु तथा साना उद्योग कार्यालय सम्झनु पर्दछ र सो शब्दले सम्बन्धित स्थानीय तहलाई समेत जनाउँछ।

३. <u>मूल नियमावलीको नियम ३ मा संशोधनः</u> मूल नियमावलीको नियम ३ को उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छः-

(२) प्राइभेट फर्म (उद्योग तर्फ मात्र) दर्ता गर्न दरखास्त दिँदा ऐनको दफा ४ को उपदफा (१) बमोजिमको विवरण र देहायका कागजातहरू समावेश गर्नुपर्नेछः-

(क) वडा कार्यालयको सिफारिस,

(ख) जग्गाधनि प्रमाणपत्रको प्रतिलिपि,

(ग) जग्गा वा भवन भाडाको भए भाडा सम्झौतापत्र,

(घ) जग्गा वा भवनमा एकाघरको अंशियारको मन्जुरीनामा,

(ङ) अन्य निकायको सिफारिस वा प्रमाणपत्र आवश्यक पर्ने भएमा सो समेत।

४. <u>**मूल नियमावलीको नियम ५ मा संशोधनः**</u> मूल नियमावलीको नियम ५ को,-

(१) उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएका छनः-

(२) घरेलु तथा साना उद्योग कार्यालयले रु. १५ करोड सम्म र निर्देशनालयले रु. १५ करोड देखि रु. ५० करोड सम्म पुँजी भएको फर्म दर्ता, नवीकरण, अद्यावधिक र खारेज गर्ने लगायतका कार्य गर्न सक्नेछ वा आफू मातहतको कुनै कार्यालय वा अधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

(२) उपनियम (३) को सट्टा देहायको उपनियम (३) र (४) राखिएका छनः-

(३) उपनियम (२) बमोजिम फर्म दर्ता, नवीकरण, अद्यावधिक र खारेज लगायतका कार्य विद्युत्तिय माध्यमबाट समेत गर्न सकिनेछ।

(४) उपनियम (३) बमोजिमको सेवा लिदा पेश गर्नु पर्ने कागजात, शर्त तथा प्रक्रियाको सम्वन्धमा मन्त्रालयले आवश्यक व्यवस्था मिलाउनु पर्नेछ।

५. <u>मूल नियमावलीको नियम ८ मा संशोधनः</u> मूल नियमावलीको नियम ८ को,-

(१) उपनियम (१) मा रहेका "रु. पाँचलाख सम्म" भन्ने शब्दहरूको सट्टा "रु. दश लाख सम्म" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपनियम (१) पछि देहायको उपनियम (१क) थपिएको छः-

(१क) उपनियम (१) बमोजिम स्थानीय तहमा भएका दर्ता, नवीकरण र अद्यावधिकको विवरण सम्बन्धित स्थानिय तहले मासिक रुपमा घरेलु तथा साना उद्योग कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ।

६. <u>मूल नियमावलीको नियम १० मा संशोधनः</u> मूल नियमावलीको नियम १० को उपनियम (१) पछि देहायको उपनियम (१क) थपिएको छः-

(१क) उपनियम (१) बमोजिम विवरण हेरफेर गर्दा देहाय बमोजिमको दस्तुर लाग्नेछः-

(क) जतिसुकै पुँजीवृद्धी गर्दा एक सय रूपैयाँ,

(ख) नामसारी र ठाउँसारी गर्दा एक सय रूपैयाँ,

(ग) नाम संशोधन र उद्देश्य परिवर्तन गर्दा एक सय रूपैयाँ ।

# भाग २

# उद्योग, पर्यटन तथा यातायात मन्त्रालय

## राप्ती उपत्यका (देउखुरी), नेपालको

## सूचना-२

प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट मिति २०८३।०१।०८ मा स्वीकृत भएको " **साझेदारी (पहिलो संशोधन) नियमावली, २०८२**" सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।

# साझेदारी (पहिलो संशोधन) नियमावली, २०८२

**प्रस्तावना:** साझेदारी ऐन, २०७६ को दफा ५८ ले दिएको अधिकार प्रयोग गरी लुम्बिनी प्रदेश सरकारले देहायका नियमहरु बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस नियमावलीको नाम "साझेदारी (पहिलो संशोधन) नियमावली, २०८२" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **साझेदारी नियमावली, २०७६ को नियम २ मा संशोधन:** साझेदारी नियमावली, २०७६ (यस पछि "मूल नियमावली" भनिएको) को नियम २ को:-

(१) शीर्षक पछि रहेको "(१)" भन्ने अङ्क झिकिएको छ।

(२) खण्ड (ग) र (घ) को सट्टा देहायका खण्ड (ग) र (घ) राखिएका छन:-

(ग) "मन्त्रालय" भन्नाले उद्योग तथा वाणिज्य क्षेत्र हेर्ने मन्त्रालय सम्झनु पर्दछ।

(घ) "सम्बन्धित निकाय" भन्नाले निर्देशनालय र घरेलु तथा साना उद्योग कार्यालय सम्झनु पर्छ।

३. मूल नियमावलीको नियम ५ मा संशोधनः मूल नियमावलीको नियम ५ को उपनियम (२) र (३) को सट्टा देहायको उपनियम (२) राखिएको छः-

(२) घरेलु तथा साना उद्योग कार्यालयले रु. १५ करोड सम्म र निर्देशनालयले रु. १५ करोड देखि रु. ५० करोड सम्म पुँजी भएको फर्म दर्ता, नवीकरण, अद्यावधिक, खारेज गर्ने लगायतका कार्य गर्न सक्नेछ र उल्लिखित अधिकार आफू मातहतको कुनै कार्यालय वा अधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

**आज्ञाले,**

**नारद गौतम**

**प्रदेश सचिव**

आन्तरिक मामिला तथा कानुन मन्त्रालय, लुम्बिनी प्रदेश, राप्ती उपत्यका (देउखुरी), नेपालमा मुद्रित।
मूल्य रु. ५।-